गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गैडहवा–३, विष्णुपुरा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः- ०७९/०८०
चलानी नं.:- ३००१६

मितिः २०८०-०३-२२

## सहकारी संस्थाहरुमा गैडहवा गाउँपालिकाको अनुरोध ।

गैडहवा गाउँपालिकाको सहकारी ऐन, २०७५ को परिच्छेद ११ मा को दफा ५२ मा व्यवस्था भएबमोजिम प्रत्येक सहकारी संस्थाहरुले आ.व. समाप्त भएको तीन महिनाभित्र निम्न विवरणहरु गैडहवा गाउँपालिकामा बुझाउनुपर्ने भएको हुँदा गैडहवा गाउँपालिका कार्यक्षेत्र भएर संचालित सम्पूर्ण सहकारी संस्थाहरुलाई सोही अनुसार गर्नु गराउनुहुन अनुरोध गरिन्छ ।

क. कारोवारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,
ख. वार्षिक कार्यक्रम नीति तथा योजना,
ग. खुद बचत सम्बन्धी नीति तथा योजना,
घ. सञ्चालकको नाम र बाँकी कार्यविधिको सूची,
ङ. साधारणसभाको बैठक सम्बन्धी जानकारी,
च. शेयर सदस्य संख्या र शेयर पूँजी,
छ. संचालक वा सदस्यले लिएको ऋण वा तिर्न बाँकी रहेको रकम,
ज. COPOMIS को आवद्धता नं र विवरण,

**साथै सम्पूर्ण सहकारी संस्थाहरुले ,**

१. तोकिएको समयमा सबै शेयर सदस्यहरुलाई उपस्थित गराई सभा सम्पन्न गरी संस्थाको यथार्थ स्थिति र कारोवार बारे जानकारी गराउने ।
२. नियमित रुपले शेयर सदस्यहरुसँग सम्पर्क र संवाद बढाउने ।
३. तोकिएको कार्यक्षेत्र भन्दा बाहिर गएर कुनै पनि कारोवार वा लगानी नगर्ने ।
४. वित्तीय जोखिमको विश्लेषण गरी बढी भन्दा बढी तरलता कायम गर्ने ।
५. परिस्थितिको आँकलन गरी अनुत्पादक क्षेत्रमा लगानी नगर्ने ।
६. शेयर सदस्यहरुलाई बढी व्याजदरको लोभ देखाई लामो अवधिको निक्षेप संकलन नगर्ने ।
७. संचालक समिति परिवर्तन गर्दा सहकारीको ज्ञान भएको, नियमित रुपले संस्थासँग कारोवार भएको व्यक्तिलाई मात्र जिम्म्वारी दिने ।
८. कानूनी प्रक्रिया पुरा नगरी तथा कसैको इच्छा विपरित कुनै पनि व्यक्तिलाई संचालक समिति वा लेखा समितिमा निर्वाचित नगर्ने ।
९. कार्यपद्धतिमा सुशासन र निर्णय प्रक्रियामा पारदर्शिता कायम राखी तोकिएको समयभित्र प्रगति विवरण गाउँपालिकामा पेश गर्ने ।

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

# गैडहवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा–३, विष्णुपुरा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्याः–
चलानी नं.:–

१०. ऋण प्रवाह गर्दा ऋणिको पारिवारिक विवरण र एकाघर परिवारको सनाखत गराएर मात्र तोकिएको ढाँचामा ब्याज र सेवा शुल्क सहितको फाराम भराइ अवधि तोकेर मात्र प्रवाह गर्ने ।

११. जोखिम विश्लेषण गरेर मात्र ऋण प्रवाह गर्ने ।

१२. जोखिम न्यूनीकरणका योजना बनाएर प्रभावकारी ऋण असुली गर्ने ।

१३. गाउँपालिका, राष्ट्रिय सहकारी महासंघ, विषयगत संघहरुबाट सहकारी अभियानको सफलताको लागि जारी गरिएका अपिल अध्ययन गरी लागू गर्ने ।

१४. आफ्ना शेयर सदस्य र बचतकर्ताहरुलाई नियमित सहकारी शिक्षा प्रदान गर्ने ।

अन्य आवश्यक सहयोग तथा जानकारीको लागि गाउँपालिकाको सहकारी शाखामा सम्पर्क गर्न सकिनेछ ।

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत


E-mail: gaidahawagaupalika@gmail.com
Website: gaidahawamun.gov.np